संयुक्त राष्ट्रसङ्घीय
मानवअधिकार उच्चायुक्तको
कार्यालय, नेपाल

**प्रेस विज्ञप्ति - २०६५ भदौ २३**

---

## उच्चायुक्तको कार्यालय-नेपालद्वारा बलपूर्वक बेपत्ता पार्ने कार्यसम्बन्धी छलफलको आयोजना

नेपालमा बलपूर्वक बेपत्ता पार्ने कार्यको दुष्प्रभावलाई कसरी सम्बोधन गर्ने भनेर आज उच्चायुक्तको कार्यालयले एउटा अन्तरक्रियात्मक छलफलको आयोजना गर्‍यो। बलपूर्वक बेपत्ता पार्ने कार्यसम्बन्धी सर्वोच्च अदालतले १५ महिना अघि गरेको निर्णय यस छलफलको खाका थियो। संविधान तथा अन्तर्राष्ट्रिय कानुनअन्तर्गत नेपालका दायित्वमा आधारित अदालतको सो निर्णय अझै कार्यान्वयन गरिएको छैन। पीडित, खासगरी बेपत्ता पारिएकाहरूका परिवारका पूरा नभएका आवश्यकताहरूको कुरा छलफलमा प्रायः दोहोरिएको एउटा विषयवस्तु थियो।

बेपत्ता पार्ने कार्यसम्बन्धी प्रस्तावित जाँचबुझ आयोगको स्थापना एवं परिपूरण, बलपूर्वक बेपत्ता पार्ने कार्यलाई अपराधकरण, संस्थागत सुधार तथा बलपूर्वक बेपत्ता पार्ने कार्यबाट सबै व्यक्तिहरूलाई संरक्षण गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको अनुमोदनलगायतका बलपूर्वक बेपत्ता पार्ने कार्यको दुष्प्रभावलाई सम्बोधन गर्न लिइनुपर्ने कतिपय अन्य उपायहरूमाथि सार्वजनिक तथा औपचारिक बुझाइ अभिवृद्धि गर्नु सो मञ्चको उद्देश्य थियो।

प्रमुख वक्ताहरूमा संविधानसभा सदस्य माननीय राधेश्याम अधिकारी (नेकां); संविधानसभा सदस्य माननीय खिमलाल देवकोटा (नेकपा (माओवादी)); राष्ट्रिय मानवअधिकार आयोगका सदस्य माननीय गौरी प्रधान; शान्ति तथा पुनर्निर्माण मन्त्रालयका सचिव श्री माधव घिमिरे; जवाफदेहीता निगरानी समितिकी सदस्य मन्दिरा शर्मा; तथा पीडितका प्रतिनिधिहरू लक्ष्मीदेवी खड्का र श्री जयकिशोर लभ हुनुहुन्थ्यो।

सहभागीहरूमा पीडितका प्रतिनिधि, संविधानसभाका सदस्य, आयोगका पदाधिकारी, सरकारी अधिकारी, सुरक्षाफौजका प्रतिनिधि, वकिल, पत्रकार, नागरिक समाजका सदस्य र कूटनीतिक समुदायका सदस्यहरू थिए। कार्यक्रमका अध्यक्ष उच्चायुक्तको कार्यालय...नेपालका प्रमुख रिचर्ड बेनेट हुनुहुन्थ्यो।

> "नयाँ सरकारले आफ्नो साझा न्यूनतम कार्यक्रममा बेपत्ता पार्ने कार्यसम्बन्धी आयोगको स्थापनाका निम्ति आफूलाई प्रतिबद्ध गरेर स्वागतयोग्य कदम चालेको छ," श्री बेनेटले भन्नुभयो। "अन्तर्राष्ट्रिय मापदण्डअनुरूप र बेपत्ता पारिएकाहरूका परिवार तथा अन्य इच्छुक पक्षहरूसँगको परामर्शमा यस्तो आयोग स्थापना गर्न आवश्यक कानुनहरू अवलम्बन गर्न शीघ्र अग्रसर भएर सरकारले यो बाचालाई पूरा गर्न थाल्नु अब अत्यावश्यक भएको छ।"

**For further information contact Chun B. Gurung at OHCHR-Nepal:**
**Tel.: 428 0164 (Ext.320); Mobile 98510.16937 or cgurung@ohchr.org**